# येशू ख्रीष्टको जीवनका आन्तिम ५ दिनहरु

Notes by Franklin

**आइतबार: विजयीको प्रवेश** मत्ती २१: १-११

यो घटना प्रस्थान १२:३ अनुसार महिनाको **दसौ दिन**मा भएको थियो जब "निस्तार चाडको थुमा" चुनिएको थियो र परमेश्वरको घरमा लगिन्थ्यो । **पाँच दिन** अघि यसलाई मारिन्थ्यो अनि **चौँधौ दिन**मा खाइन्थ्यो । (प्रस्थान १२:६)

**विहिवार: अन्तिम निस्तार चाड / प्रभूभोज**

“अखमिरी रोटीको पहिलो दिन” भनेको जब निस्तार **चाड**लाई साँझपख खाइन्छ (प्रस्थान १२:१८) । त्यो बर्षको विहिबार थियो।

मत्ती २६:१७-३५अब **अखमिरी रोटीको चाड़को पहिलो दिन** चेलाहरूले येशूकहाँ आएर भने, “तपाईंको निम्ति निस्तार-चाड़को भोज खाने प्रबन्ध हामी कहाँ गरौं?”(२६) तिनीहरूले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आशीर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो,“लेओ, खाओ, यो मेरो शरीर हो।”(२७) तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, “तिमीहरू सबैले यसबाट पिओ। (२८) किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति **पापको प्रायश्चितको लागि** बहाइन्छ। (२९) तर म तिमीहरूलाई भन्दछु,कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ।”

लूका २२:१४-२३;

यूहन्ना १३-१६ उहाँको चेलाहरुको पाउ धुनु भयो र उनीहरुलाई सिकाउनु भयो।

**गेतसमेनीको बगैचा** मत्ती २६:३६-४६

मत्ती २६:३७-४१ र आफूसँग पत्रुस र जब्दियाका दुई छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो। (३८) तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस, र मसँग जागा रहो।"(३९)अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।"(४०) तब उहाँ चेलाहरूकहाँ आएर तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, र पत्रुसलाई भन्नुभयो, "के तिमीहरू मसँग एक घण्टा पनि जागा बस्न सकेनौ? (४१) जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।"

**येशूलाई धोका र पक्राउ** मत्ती २६:४७-५६

(५६) तर अगमवक्ताहरूका धर्मशास्त्रहरू पूरा होऊन् भनी यी सबै हुन आएका हुन्।" तब सबै चेलाहरू उहाँलाई छोड़ेर भागे। (५७) येशूलाई पक्रनेहरूले उहाँलाई प्रधान पूजाहारी **कैयाफा**कहाँ लगे। त्यहाँ शास्त्रीहरू र धर्म-गुरुहरू भेला भएका थिए। (५८) तर पत्रुस टाढ़ैबाट प्रधान पूजाहारीका भवनको आँगनसम्मै उहाँको पछिपछि लागे, र अन्त्यमा के हुने हो, सो हेर्नलाई भित्र पसेर पालेहरूसँग बसे।

(५९) अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मृत्युदण्ड दिनलाई उहाँको विरुद्धमा झूटो गवाही खोज्न लागे। (६०) धेरै झूटो गवाही दिनेहरू आए, तर तिनीहरूले कुनै प्रमाण पाएनन्। आखिरमा दुई जना अगि आए, (६१) र भने, "यस मानिसले 'म परमेश्वरको मन्दिर भत्काएर तीन दिनमा यसलाई निर्माण गर्न सक्छु' भन्यो।" (६२) तब प्रधान पूजाहारीले उठेर उहाँलाई भने, "के तँ केही जवाफ दिँदैनस्? यी मानिसहरूले तेरो विरुद्धमा दिएको गवाही के हो?" (६३) तर येशू चूप रहनुभयो। प्रधान पूजाहारीले उहाँलाई भने, "जीवित परमेश्वरको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ परमेश्वरको पुत्र ख्रीष्ट होस्?" (६४) येशूले तिनलाई भन्नुभयो, "तपाईंले नै भनिहाल्नुभयो। तापनि म तपाईंहरूलाई भन्दछु, अब उप्रान्त तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने हातपट्टि बसेको, र आकाशको बादलमा आइरहेको देख्नुहुनेछ।"(६५) तब प्रधान पूजाहारीले आफ्ना वस्त्र च्याते र भने, "यसले त ईश्वर-निन्दा बोल्यो। हामीलाई अब अरू साक्षीहरूको के दरकार पर्‍यो र? तपाईंहरूले अहिले यसले बोलेको ईश्वर-निन्दा सुनिहाल्नुभयो। (६६) तपाईंहरूको के राय छ?" तिनीहरूले जवाफ दिए, "यो प्राणदण्डको योग्य छ।" (६७) तब तिनीहरूले उहाँको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, र कसै-कसैले यसो भन्दै थप्पड़ लाए,

**पत्रुसले ३ पटक उहाँलाई इन्कार गरेको**

मत्ती २६: ६९-७५ (७४) तब पत्रुसले आफैलाई सराप्दै शपथ खान लागे "म ती मानिसलाई चिन्दैचिन्दिनँ।" अनि तुरुन्तै भाले बास्यो। (७५) तब पत्रुसलाई येशूले भन्नुभएको यो कुरा याद भयो, "भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।"तब तिनी बाहिर गएर धुरुधुरु रोए।

**शुक्रवार.... तर आइतबारको दिन आउदै छ :**

**पिलातुसको अघि येशू**

मत्ती २७:१-२बिहान **सबेरै**, सबै मुख्य पूजाहारीहरू र जनताका धर्म-गुरुहरूले येशूलाई मृत्युदण्ड दिन भनी उहाँको विरुद्धमा सरसल्लाह गरे। (२) अनि तिनीहरूले उहाँलाई बाँधेर लगे, र हाकिम **पिलातस**कहाँ सुम्पिदिए।

यूहन्ना १८:३३-३८पिलातस फेरि...... उनले येशूलाई बोलाएर भने, **"के तिमी यहूदीहरूका राजा हौ?"**(३४) येशूले जवाफ दिनुभयो, "तपाईं आफै यसो भन्नुहुन्छ, वा मेरो विषयमा तपाईंलाई अरू कसैले भने?"(३५) पिलातसले जवाफ दिए, "के म यहूदी हुँ र? तिम्रै जाति र मुख्य पूजाहारीहरूले तिमीलाई मेरो हातमा सुम्पिदिए। तिमीले के गऱ्यौ?" (३६) येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।"
(३७) पिलातसले उहाँलाई सोधे, **"के तिमी राजा नै हौ त?"**येशूले जवाफ दिनुभयो, "**म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ।** यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति **सत्य**को गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो **सत्यको** पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।"(३८) पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, **"म यिनमा केही दोष भेट्टाउँदिनँ।**

**बारब्बाको छुटकारा, येशूले छुटाउनु भयो।**

मत्ती २७:१५-१८ निस्तार-चाड्मा भीड्ले चाहेबमोजिम हाकिमले एक जना कैदी छोडिदिने प्रथा थियो। (१६) त्यस बेला बारब्बा नाउँ भएको एक जना कुख्यात कैदी थियो। (१७) जब मानिसहरू भेला भए, पिलातसले तिनीहरूलाई सोधे, "तिमीहरू के

चाहन्छौ? **म तिमीहरूका निम्ति कसलाई छोडिदिऊँ? बारब्बा कि ख्रीष्ट कहलाइने येशूलाई?"**(२०) तर मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले बारब्बालाई छोडिदिने र **येशूलाई मृत्युदण्ड दिने** माग गर्न भनी मानिसहरूलाई सुऱ्याए।(२१) हाकिमले फेरि तिनीहरूलाई सोधे, "यी दुईमा कुनचाहिँलाई म तिमीहरूका निम्ति मुक्त गरिदिऊँ भन्ने तिमीहरू चाहन्छौ?" **तिनीहरूले भने, "बारब्बालाई।"**(२२) पिलातसले तिनीहरूलाई भने, "तब ख्रीष्ट भनिने येशूलाई चाहिँ म के गरूँ त?" **तिनीहरू सबैले जवाफ दिए, "त्यो क्रूसमा टाँगिओस्।"** (२३) तिनले भने, "किन? तिनले के अपराध गरेका छन् र?" तर **तिनीहरू अझ बढ़ी यसो भन्दै चिच्च्याए, "त्यो क्रूसमा टाँगिओस।"**(२४) तर केही सीप नलागेको देखेर, बरु खैलाबैला मच्चिन्छ भन्ने डरले पिलातसले पानी लिई भीड़को सामु आफ्ना हात धोएर भने, "तिमीहरू आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु।" (२५)**सबै मानिसहरूले जवाफ दिए, "उसको रगत हामीहरू र हामीहरूका सन्तानमाथि परोस्।"**(२६) तब तिनले तिनीहरूका निम्ति बारब्बालाई छोडिदिए, तर **येशूलाई कोर्रा लगाएर क्रूसमा टाँगिनलाई सुम्पिदिए।**

## काँढ़ाको मुकुट

यूहन्ना १९: २-१५अनि सिपाहीहरूले **काँढ़ाको मुकुट** गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई **बैजनी रङ्गको वस्त्र** पहिराइदिए, (३)र उहाँको नजिक आएर भने, **"प्रणाम, यहूदीहरूका राजा!"**अनि तिनीहरूले **उहाँलाई थप्पड़ लाए।**(४) फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, **म यिनमा केही दोष पाउँदिनँ।"** (५) तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, **"हेर, यो मानिस!"** (६) जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई **क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!"**पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई

लगेर क्रूसमा टाँग, किनभने **म यिनमा केही दोष पाउँदिनँ!"**(७) यहूदीहरूले उनलाई जवाफ दिए, "**हाम्रो एउटा व्यवस्था छ**, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि **यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।"**

(८) यो कुरो सुनेर पिलातस झन् डराए। (९) उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, "तिमी कहाँका हौ?" तर येशूले उनलाई केही जवाफ दिनुभएन। (१०) यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?" (११) येशूले जवाफ दिनुभयो, "तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ।"

(१२) त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढ़ी प्रयत्न गरे। तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ।"

(१३) पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी "ढुङ्गाका पाटी" भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। (१४) त्यस समय **निस्तार-चाड़का तयारीको दिन** थियो। दिउँसोको करीब बाह्र बजेको थियो। (रोमी समय अनुसार ६ बजे बिहान) पिलातसले यहूदीहरूलाई भने, **"हेर, तिमीहरूका राजा!"** (१५) तर तिनीहरू यसो भन्दै चिच्च्याए, **"लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!"**पिलातसले तिनीहरूलाई सोधे, **"के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ?"**मुख्य पूजाहारीहरूले जवाफ दिए, **"कैसरबाहेक हाम्रो अरू राजा छैन।"**

**क्रुसमा टाँग्नु**

**यूहन्ना १९: १६-३०**तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए। (१७) उहाँ **आफ्नो क्रूस आफै बोकेर** खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। (१८) त्यहाँ **तिनीहरूले उहाँलाई क्रूसमा टाँगे** र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कोलाई अर्कोपट्टि, अनि माझमा येशूलाई।

## येशूले क्रुसबाट भन्नुभएको ७ वटा शब्दहरु :

### उहाँको पहिलो शब्द:

**उहाँको हातहरुमा र पाउहरुमा काटी ठोक्नेहरुका लागि प्रार्थना ।**

"हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन्।"

लूका २३:३४

प्रेमको उत्कृष्ट उदाहरण

**प्रेमले क्षमा दिन्छ ! दुखाई र अपराधको वास्ता नगरिएको ।**

१ कोरन्थी १३:५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन।

यशैया ५३:१२ यसैकारण महान्हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र **उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो।**

यूहन्ना १९ : १९पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतको येशू, यहूदीहरूको राजा।" (२०) अब धेरै यहूदीहरूले यो दोष-पत्र पढे, किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। (२१)यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, " 'यहूदीहरूका राजा' भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ भन्यो' भनी लेख्नुहोस्।" (२२) पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।"

उहाँ क्रुसमा **६ घण्टा**सम्म टाँगिनु भएको थियो, विहान ९ बजे देखि बे**लूका** ३ बजे सम्म।

मर्कूस १५:२५तिनीहरूले उहाँलाई क्रूसमा टाँग्दा बिहानको नौ बजेको थियो।

❖ बिहानको नौ बजेको थियो।

लूका २३:३५-३९ मानिसहरू उभिएर हेरिरहेका थिए। **शासकहरूले उहाँको ठट्टा गर्दै** भने, "यसले अरूलाई बचायो, यो परमेश्‍वरका ख्रीष्‍ट तथा उहाँका चुनिएका जन हो भने यसले **आफैलाई बचाओस्।"**(३६) **सिपाहीहरूले पनि** आएर उहाँलाई सिर्का दिँदै यसो भनेर गिल्ला गरे, (३७)"तँ यहूदीहरूका राजा होस् भने **आफूलाई बचा।"**(३८) "यो यहूदीहरूको राजा हो" भन्ने दोष-पत्र पनि उहाँको मास्तिर थियो।(३९) क्रूसमा टाँगिएका **अपराधीहरूमध्ये एक जना** अपराधीले उहाँको अपमान गर्दै भन्यो, "के तिमी ख्रीष्‍ट होइनौ? **तिमी आफैलाई र हामीलाई बचाऊ।"**

१ कोरन्थी १३:५ **प्रेमहठी हुदैन। कुनै पनि मूल्यमा, यसले अरुको खाँचोलाई आफ्नोभन्दा पहिले राख्दछ।**

उहाँले आफुलाई बचाउन सक्नु हुन्थ्यो । काटीहरुले उहाँलाई क्रुसमा थमिराखेको होइन। **त्यो चाहीँ उहाँको प्रेम मानिसहरुको लागि थियो।**

तिमी के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, उहाँलेतुरुन्तैस्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढ़ी मेरो निम्ति पठाइदिनुहुन्न र? मत्ती २६: ५३

(४०) तर त्यसलाई हकारेर **अर्कोले जवाफ दियो**, "तँ पनि त्यही दण्डमा परेको छस्,तापनि परमेश्वरको डर मान्दैनस्? (४१) **हाम्रो दण्ड त न्यायोचित छ**, किनकि **हामीले** त आफ्नो कामको **उचित फल भोगिरहेका छौं,** तर **यी मानिसले त केही अनुचित काम गरेका छैनन्।**"(४२) तब त्यसले भन्यो, "**हे येशू, तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्।**"

यो खण्ड, अरुधेरै जस्तै, दुई किसिमको मानिसहरु पृथ्वीमा रहेको देखाउछ ।तिनीहरु जससंग प्रकाश, विश्वास र यसमा विश्वास गर्छन्, र जो विश्वास गर्दैनन् ।

## क्रुसबाट येशूको दोस्रो शब्द:

उहाँले त्यसलाई भन्नुभयो, "साँच्चै म तिमीलाई भन्दछु, **आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ।"** लूका२३:४३

यो आश्चर्यमय शब्द चाँहि जसरी मृत्यु छिटो आउदैथियो ।

१ कोरन्थी १३:५ **प्रेमले आफ्नै कुरा खोज्दैन ।**

रोमी१०:१३ **जस जसले** येशुको नाम**पुकार्नेछ** तिनीहरु **बचाईने।**

यूहन्ना १९:२३ जब सिपाहीहरूले येशूलाई क्रूसमा टाँगे, तब तिनीहरूले उहाँका वस्त्र लिएर प्रत्येक सिपाहीलाई एक-एक भाग हुने गरी चार भाग गरे। उहाँको बाहिरी वस्त्र पनि लिए, तर त्यो वस्त्रचाहिँ सिउनी नभएको माथिदेखि तलसम्मै बुनेको सग्लो थियो। (२४) यसकारण तिनीहरूले आपसमा भने, "योचाहिँ नच्यातौं, तर यो कसको हुने हो भनी चिट्ठा हालौं।" धर्मशास्त्र पूरा होस् भनेर नै यो भएको थियो: "तिनीहरूले मेरो वस्त्र आफू-आफूमा बाँड़े, र बाहिरी वस्त्रमा चाहिँ चिट्ठा हाले।" (भजनसंग्रह २२:१९) (२५) यसकारण सिपाहीहरूले यो काम गरे। अनि येशूको क्रूसको नजिक उहाँकी आमा, उहाँकी आमाकी बहिनी, क्लोपासकी पत्नी मरियम र मरियम मग्दलिनी उभिरहेका थिए।

क्रुसबाट येशूको तेस्रो शब्द: अरुको निम्ति अझै पनि वास्ता।

(२६) जब येशूले आफ्नी आमालाई र उहाँले माया गर्नुहुने चेला नजिकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो!" (२७) तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर, तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे।

> प्रेमले प्रदान गर्छ - अरुको हेरचाह गर्छ - आफ्नो मात्र खोज्दैन -कहिले असफल हुदैन। (१ कोरन्थी १३: ५,८)

## क्रुसबाट येशूको चौथो शब्द:

यूहन्ना १९:२८-३०यसपछि येशूले **सबै कुरा अब सिद्धिए** भनी जानेर धर्मशास्त्र पूरो होस् भनी भन्नुभयो, "मलाई तिर्खा लाग्यो।" (२९) त्यहाँ सिर्काले भरिएको एउटा भाँड़ो राखिएको थियो। यसकारण सिर्काले भरिएको स्पञ्ज एउटा हिसपको हाँगामा राखेर तिनीहरूले उहाँको मुखमा पुर्‍याइदिए।

उहाँको मिसन पूरा भएपछि मात्र, पापको क्षमा अनि उहाँको आफ्नै मुक्ति पुरा भयो,के उहाँले आफ्नै आवाश्यक कुराहरुको निम्ति सोच्नु भएको थियो ?

प्रेम....... आफ्नो लागि मात्र खोज्दैन (१ कोरन्थी १३:७)

## क्रुसबाट येशूको पाचौ शब्द:

(30) जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, “अब सिद्धियो,”

**मिसन सम्पन्न भयो** : लूका १९:१० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।”

यूहन्ना १७:४-५ **जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी** तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। (५) अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।

**प्रेम कहिलेपनि असफल हुदैंन!** (१ कोरन्थी १३:८)कहिपनि हार खादैन! हरेक कुरा सहन्छ (१कोरन्थी१३:७) हरेक कुरा अरुको लागि सहन्छ।

## क्रुसबाट येशूको छैठौं शब्द:

मत्ती २७:४५-४६ अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो। (४६) तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, “इलोई, इलोई, लामा सबखथनी?” अर्थात् “हे मेरा परमेश्‍वर, हे मेरा परमेश्‍वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?”

"**अन्धकार**" मध्य दिनमा ? किनभने " संसारको ज्योति " जादै हुनुहुन्थियो, हाम्रो लागि पापी बनेर ।

पिता परमेश्वरले उहाँको पुत्रबाट दृष्टी हटाउनु भयो।

पाप र मृत्यू विजय भयको जस्तो लाग्यो ।
**छोडिएयो**? पिता र पुत्र एकै हुन् ! पहिलोपटक अनन्ततामा पिता र पुत्रको बीचमा **अल्गाब** आएको थियो ।

**किन**? किन इश्वरत्वमा अल्गाब थियो?

**उत्तर**: यो त्यो विन्दुमा:किनकि हामी **उहाँ**मा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले **हाम्रा खातिर पाप बनाउनुभयो**। (२ कोरन्थी ५:२१)

यस पदले बाइबलमा भएको एउटा महत्वपूर्ण सत्यलाई पुष्टी गर्छ। यहाँ रोक्नुस । बिस्तारै फेरी यो पद पढ्नुहोस्, यसलाई सोच्नुहोस.....

**पापले यहि गर्छ** : तर तिमीहरूका अधर्मले **तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्,** र तिमीहरूका पापले गर्दा **उहाँको मुहार तिमीहरूबाट छेकिएको छ**, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन। यशैया ५९:२

**किन उहाँ जो पाप रहित, उहाँ जो पवित्र, पाप हुनलाई इच्छा गर्नुभयो ???**

उत्तर: **उहाँको लागि मनिसहरु बिशेष र बहुमुल्य थिए ।**

१ कोरन्थी १३:७ प्रेमले सबैकुरा सहन्छ......अरुको लागि सबैकुरा बोक्छ।

## क्रुसबाट येशूको सातौ शब्द:

लूका २३:४६उच्च सोरले कराएर येशूले भन्नुभयो, **"हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।"** यति भनेर **उहाँले आफ्नो प्राण त्यागिदिनुभयो।**

मर्कूस १५:३७-३९तब येशूले ठूलो सोर निकालेर **प्राण त्याग्नुभयो।**(३८) अनि **मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै** दुई भाग भई **च्यातियो।**(३९) येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, "साँच्चै नै यी मानिस परमेश्वरका पुत्र रहेछन्।"

- "माथिबाट तल" परमेश्वरले मात्र गर्नसक्नुहुन्थ्यो।
- यो बेलूकाको बलिदानको भेटीको समय थियो, र जब **निस्तार चाडको थुमा मारिन्थ्यो।** (प्रस्थान १२:६; ब्यबस्था १६:६)
- म निस्चित छु कि पुजाहारी अतिनै अचम्मित र डराएको थियो जब मन्दिरको पर्दा च्यातीएको थियो।
- अनि **येशू हाम्रो निस्तार चाडको थुमा बलि हुनुभयो** (१ कोरन्थी ५:७)। **परमेस्वरको थुमा जसले संसारको पापलाई उठाई लानु भयो!** (यूहन्ना १:२९)। जसरी अब्राहामले आफ्नो छोरालाई भने: छोरा,**परमेस्वरआफैले**होमबलिको **थुमा जुटाइदिनुहुनेछ** । (उत्पति २२:८) **अनि त्यसरी नै तिनले गरे!**

- पर्दा च्यातिनुले **सबैको लागि स्वर्ग जाने बाटो अब खोलिएको छ भन्ने देखाउछ।** सबैभन्दा **प्रधान पुजारी**, प्रभु येशू, उहाँको मानिसहरुमा उहाँ पहिलोको रुपमा पस्न सक्षम हुनुभयो।

हिब्रु २:१७यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त **प्रधान पूजाहारी** बन्नुभयो।

हिब्रु ६:२०जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू **प्रधान पूजाहारी** भई प्रवेश गर्नुभएको छ।

हिब्रु ९:११-१२जब ख्रीष्ट अघिबाटै आइसकेका असल कुराहरूका **प्रधान पूजाहारी** भएर आउनुभयो, उहाँ अझ **महान्** र **सिद्ध पवित्र वासस्थान**द्‌वारा जानुभयो, जो हातले बनेको होइन, अर्थात् यस सृष्टिको अङ्ग होइन। (१२) बोका र बाछाहरूको रगतले होइन, तर **आफ्नै रगतद्‌वारा अनन्त उद्धार** प्राप्त गरिदिएर **सधैँको निम्ति** एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।

- च्यातिनुले करारको अन्यजाती यहूदी छुट्टिनु अन्त भएको अर्थ दिन्छ।

एफिसी २:१२-१९ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। (१३) तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब **ख्रीष्टको रगतले नजिक भएका छौ।** (१४) किनकि उहाँ नै हाम्रो शान्ति

हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र **विभाजन ल्याउने** शत्रुताको **पर्खाल भत्काइदिनुभएको छ।** (१५) र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र **धार्मिक-विधानहरूसमेत** आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी **दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस** सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्।(१६) अनि उहाँले क्रूसद्वारा **हामी दुवैलाई एउटै शरीरमा** परमेश्वरसँग **मेल** गराएर शत्रुतालाई शेष पार्नुभयो। (१७) उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, (१८) किनकि **उहाँद्वारा नै हामी दुवैले** एउटै पवित्र आत्मामा **पिताकहाँ** प्रवेश पाएका छौं। (१९) यसरी अब **तिमीहरू विदेशी र प्रवासी होइनौ,**तर सन्तहरूसँग **तिमीहरू सङ्गी-नागरिक** र **परमेश्वरको परिवारका सदस्यहरू भएका छौ।**

- र **अब सबै मनिसजाति परमेश्ररमा प्रवेश गर्न र जान सक्छन्** यदि र जब तिनीहरु चाहन्छन् ।

हिब्रु ४:१६यसकारण **साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं,**र खाँचोको समयमा **सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।**

मत्ती २७:५१ त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र **जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे।**

उहाँ जसले सबैकुरा एकैसाथ थाम्नुहुन्छ . . . मर्दै हुनुहुन्थ्यो। पृथ्वीमा अन्योल थियो।

कलस्सी १:१७ . . . उहाँमा सबैकुरा एकैसाथ थामिन्थ्यो।

यूहन्ना १९:३१-४२त्यो दिन **तयारीको दिन** थियो। यसकारण यहूदीहरूले शबाथमा (विशेष गरी यस शबाथमा, जुनचाहिँ महत्त्वपूर्ण थियो) मृत शरीरहरू क्रूसमा नरहून् भनी पिलातसलाई बिन्ती गरे, र तिनीहरूका **खुट्टा भाँचेर** तिनीहरूका शरीर लगिऊन् भनी माग गरे। (३२) तब सिपाहीहरू आएर उहाँसँग क्रूसमा टाँगिएकाहरूका खुट्टा भाँचे, पहिले एक जनाका, त्यसपछि अर्कोका। (३३) जब तिनीहरू येशूकहाँ आए **तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्।**(३४) तर सिपाहीहरूमध्ये एक जनाले **उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो।** (३५) तिमीहरू पनि विश्‍वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। (३६) **"उहाँको कुनै पनि हड्डी भाँचिनेछैन"** भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए। (प्रस्थान १२:४६; भजनसंग्रह ३२:२०) (३७) अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।"(जकरिया १२:१०; प्रकाश १:७)

(३८) त्यसपछि अरिमाथियाको योसेफ, जो यहूदीहरूको डरले गर्दा **गुप्तमा** मात्र येशूका **चेला** थिए, तिनले पिलातसलाई येशूको मृत शरीर लैजान पाऊँ भनी बिन्ती गरे। पिलातसले अनुमति दिए। तब तिनले आएर उहाँको मृत शरीर लगे। (३९) अनि अघि उहाँकहाँ राती आउने **निकोदेमस** पनि प्राय: तेत्तीस किलो मूर्र र एलवा मिश्रित द्रव्य लिएर त्यहाँ आए। (४०) यसरी तिनीहरूले येशूको शरीर यहूदीहरूको दफन-कार्यको रीतिअनुसार सुगन्धित द्रव्यसँग सूती कपड़ामा बाँधे। (४१) उहाँ क्रूसमा टाँगिनुभएको ठाउँमा एउटा बगैँचा थियो। त्यस बगैँचामा कहिल्यै कोही नराखिएको एउटा नयाँ चिहान थियो। (४२) किनकि यहूदीहरूका तयारीको दिन थियो, अनि त्यो चिहान पनि नजिकै थियो, र तिनीहरूले येशूलाई त्यही चिहानमा राखे।

# उहाँ मर्नुभयो।   सबै सकियो।  सकियो।  आशा छैन।

**चेलाहरु:** अलमलिएको - रोई रहेको - दौडिरहेको - लुकीरहेको।
उनिहरुको सबै अन्योल र अन्त नहुने छलफलमा यस्ता प्रश्नहरुका साथ अलमलिरहेको बेलामा : "के हामी छलिएका छौ ?" "हामीले देखेका सबै आश्चर्यकर्म चाँही के त ?"

हुनसक्छ चेलाहरु पनि अर्को भविष्यवाणी जो येशूले धेरै पल्ट दोहोराउनु भएको विषयमा छलफल गरिरहेको थिए:

अनि उहाँले भन्नुभयो, "मानिसको पुत्रले धेरै दु:ख उठाउनुपर्छ, र उनी धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट बहिष्कृत हुनेछ, मारिनेछ **र तेस्रो दिनमा मृतकबाट जीवित भई उठ्नेछ।"** लूका ९:२२

सायद, भर्खर सायद, त्यहाँ अझै पनि आशा छ . . .

**सिपाहीहरु:** उनीहरुको शिविरमा फर्किदै, उनीहरुको मनोरन्जन सकिएको थियो।

**पुजाहारीहरु र भिड:** खुशी थिए - बृहत रुपमा राहत पाईयो जब त्यो "समस्या खडा गर्ने" मानिस मर्यो- मिसन सम्पन्न भएकोमा उत्सव मनाइदै ।

**दुष्ट आत्माहरु:** नारकीय उत्सव मनाइरहेका, उनीहरुको छुन नसक्ने शत्रु रुखमा किल्ला लगाएको र मरिरहेको। आनन्दमा बच्चाहरु जस्तै रमाइरहेका थिए ।

**दानव/शैतान:** आशापूर्ण रमिता हेरिरहिका थिए, जब परमेश्वरका पुत्र कलवरीमा लगियो र क्रुसमा चढाइयो। उसको विजयको आश्वाशन, र उसको घमण्ड अझैसम्म उठियो, जब उहाँको अदभुत धार्मिकता पापसंग राखियो।

**मृत्यु :** साहसीसंग जीवनलाई थामी राख्यो र मार्नको लागि आघि सर्यो।

**सृष्टिकर्ता** मर्दै हुनुहुन्थ्यो, अन्धकार र अराजकता उहाँको काममा ढाकिएको थियो।

पृथ्वी हल्लीएको थियो, चट्टानहरु फुटी रहेको र शैतानले फुरुङ्ग भएरहेरिएको थियो।

अहिले फेरी, **मृत्यु** उतम देखियो, पापद्वारा श-शक्त, तिनीहरु बिकट समूह थियो, कहिलेपनि सिकार हराउदैन थियो।

१ कोरन्थी १५:५५ मृत्यु को खील पाप हो, अनि पापको सक्ती करार हो;

शुक्रवारको समय थियो, अब सकियो। शैतान, पाप अनि मृत्युले अर्को जीत हासिल गर्यो। अनि उनीहरुको लागि यो सबै जीतहरु भन्दा महान थियो।

# तर आइतबार आउदै छ !

हामीले आफुलाई सोधनै पर्छ, **किन?** किन परमेश्वरको पुत्र यो संसारमा मानवको रुपमा जन्मलिनु भयो अनि सबै कुरा सहनु भयो ? ? ?

त्यहाँ एउटै उत्तर छ। **हाम्रो समझ भन्दा धेरै उहाँले मानिसलाई (तपाईलाई) प्रेम गर्ने पर्छ।**

अपमान, पिडा, दु:ख र उहाँको मृत्युले हाम्रो पापलाई क्षमा दिन्छ र मानव जातिलाई मुक्त गराउछ, यी सबैले **मानिसको महत्व उहाँ प्रति** कत्ति छ भन्ने देखाउँछ ।

## मानिसहरु भनेको पृथ्वीको ठुलो धन हो !

तपाइहरु उहाँको अमुल्य हिराहरु हुनुहुन्छ । उहाँको महत्वपूर्ण सम्पतिहरु !

## शनिबार . . . तर आइतबार आउदैछ !

मत्ती २७:६२-६६ **भोलिपल्ट**, अर्थात् तयारीको दिनको भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ भेला भए, (६३) र भने, "हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, **'तीन दिनपछि म फेरि उठ्नेछु'** भनेको थियो। (६४) यसकारण तेस्रो दिनसम्म त्यो **चिहान सुरक्षित राख्नलाई** हुकुम गर्नुहोस्, नत्रता त्यसका चेलाहरूले आएर त्यो चोरेर लैजालान्, र 'त्यो त मरेकोबाट जीवित भई उठ्यो' भनेर मानिसहरूलाई भन्नेछन्, र त्यो पछिल्लो धोका पहिलोभन्दा अझ नराम्रो हुनेछ।" (६५) पिलातसले तिनीहरूलाई भने, **"तिमीहरूको आफ्नै पहरा छँदैछ। जाओ, तिमीहरूले सकेसम्म सुरक्षित राख।"** (६६) तब तिनीहरूले गएर ढुङ्गामा मोहोर लाए, र पहरादारहरू खटाएर चिहान सुरक्षित राखे।

**आइतबारको बिहान, सबेरै** रित्तो चिहान

मत्ती २८ **शबाथपछि** (शनिबार),साताको पहिलो **दिन रिमरिम उज्यालो हुँदा** मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न आए। (२)**ठूलो भूकम्प गयो,**किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर **ढुङ्गो हटाएर** त्यसमाथि बसे। (हेर्नुहोस मत्ती २७:५२-५३) (३) तिनको रूप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो। (४) तिनको डरले ती पहरादारहरू थरथर काँपे, र मरेतुल्य भए। (पहरादारहरु अझै पनि त्यहाँ थिए) । (५) तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ। (६) **उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ।** आओ, उहाँलाई राखिएको ठाउँ हेर।(७) तब चाँड़ो गएर उहाँका चेलाहरूलाई खबर देओ, **कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ,** र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जाँदैहुनुहुन्छ। तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ। हेर, मैले तिमीहरूलाई भनिदिएको छु।"

यूहन्ना २०:२-१० तिनी सिमोन पत्रुस र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन्, र तिनीहरूलाई भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्,

सो हामी जान्दैनौं।" (३) तब **पत्रुस** र **अर्को चेला** बाहिर निस्केर चिहानतिर गए। (४) ती दुवै सँगसँगै **दगुरे,**तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। (५) चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। (६)**सिमोन पत्रुस** त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि **तिनले पनि मलमलका बेह्रने कपड़ाहरू** मात्र त्यसै पड़िरहेका देखे। (७) उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो।(८) तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्‍वास गरे। (९) किनभने **तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्‍ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्।** (१०) त्यसपछि ती चेलाहरू आफ्ना घर फर्के।

रित्तो चिहानमा पाईएको **चिहानको लुगा** नै पुनरुत्थानको **प्रमाणको** चिन्ह हो। के साथी वा शत्रुले शरिरलाई चोरेको थियो, उनीहरुले शरिरमा बाधेको लुगालाई छोड्न सक्थ्यो, तबसम्म उहाँ मरेको तीन दिन अनि तिन रात भइसकेको थियो। जब यूहन्नाले चिहानको लुगा देख्यो र चिन्यो कि त्यो जसरी शारिरलाई बेरेर राखेको थियो त्यसरी नै पट्याएर राखेको भेट्टाए, उसलाई थाहा थियो कि आश्‍चर्यकर्म भएको छ। येशू बेहेरेको कपडाबाट बाहिर निस्कनु भयो, अनि त्यसलाई नबिगारिकन तिनीहरुले लग्यो। तिनीहरुले रित्तो चिहान "गल्ती नगरिएको प्रमाण " झै छोडे अनि जब यूहन्नाले देख्यो र बुझ्यो, उसले विश्‍वास गर्यो कि येशू **मृत्यु** बाट जीवित हुनुभएको छ। (पोर्टर बाररिङटोनको मास्टर आउटलाइन्स एण्ड नोटस्)

मत्ती २८:८अनि तिनीहरू डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए, र उहाँका चेलाहरूलाई खबर दिन दगुरे। (९) अकस्मात् **येशूले तिनीहरूलाई भेटेर** भन्‍नुभयो, "शान्ति!" तिनीहरू नजिक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत् गरे। (१०) तब येशूले तिनीहरूलाई भन्‍नुभयो, "नडराओ, गएर मेरा भाइहरूलाई गालीलमा जानू भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्‍नेछन्।" (११) जब ती स्‍त्रीहरू बाटैमा थिए, **कोही-कोही पहरादारहरू** सहरमा गएर **मुख्य पूजाहारीलाई त्यहाँ भएका घटनाहरूका बारेमा खबर दिए**।(१२) जब मुख्य पूजाहारीहरू धर्म-

गुरुहरूसँग भेला भए, तिनीहरूले सल्लाह गरे, र **सिपाहीहरूलाई यसो भनेर धेरै पैसा दिए,** (१३)**"तिमीहरूले भन्नू, कि 'हामी सुतिरहेको बेला त्यसका चेलाहरू आएर त्यसलाई चोरेर लगेछन्।'**(१४) कतै हाकिमको कानमा यो कुरा पुगिहाल्यो भने, हामी उहाँलाई मनाएर तिमीहरूलाई जोगाइदिनेछौं।" (१५) तब तिनीहरूले सो पैसा लिए, र सिकाएबमोजिम गरे, र यहूदीहरूमा आजको दिनसम्म यही कुरा फैलिएको छ।

- पालेहरुसंग लड्न चेलाहरुलाई साहसको कमी भयो। उनीहरु जीवनको लागि डरमा लुकी रहेको थियो। तिनीहरु सोचे कि सबै सकियो।

- के तिनीहरुले शारिरलाई चोरेको थियो, त्यसो भए तपाई कसरी तिनीहरुले कष्ट भोगे भन्ने सत्यको जवाफ दिन सक्नुहुन्छ, अनि तिनीहरु मध्ये धेरैजसो सहिदको रुपमा मरे ? मृत्युको मुखमा, ती मध्ये एकले आफ्नो जीवन बचाउन "चोरीएको शरिर" लूकाई राखको ठाउँ खुलासा गर्थ्यो।

- येशूको शारिरलाई चोर्ने प्रयास गरेकोमा कोहि पनि गिरफ्तार भएन । यो स्पष्ट हुन्छ कि शासकिय अधिकृतहरुले पहरेदारहरुको कुरालाई विश्वास गरेनन् अथवा उहाँको केहि चेलाहरुलाई समातेको भए हुन्थियो ।

- हेरचाह गर्ने समयमा सुतेको करणले  गर्दा पहरेदारलाई मृत्यु दण्ड दिन सकिन्थ्यो। तर तिनीहरुलाई समातिएन, अधिकारीहरुले यो कथालाई विश्वास गरेनन्।

- यदि तिनीहरु सुतेको भए, कसरी तिनीहरुलाई थाहा हुनथ्यो कि चेलाहरुले शारिरलाई "चोर्यो" ? चेलाहरु नै हुन् भनेर थाहा गर्न तिनीहरुले देख्ने सक्थे र रोक्न सक्थे।

- के येशूको शत्रुहरुले शरिरलाई लगेको थियो, उनीहरुले यो गर्न सक्थ्यो अनि इसाईत्वको अन्त तुरुन्त गर्न सक्थ्यो।

यूहन्ना २०:१९-२९ **त्यही दिन**, अर्थात् हप्ताको पहिलो दिनको **साँझ**, जब यहूदीहरूको **डरले** चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए,**येशू आएर तिनीहरूका माझमा उभिनुभयो**, र तिनीहरूलाई भन्नुभयो, **"तिमीहरूलाई शान्ति!"**(२०) यति भनेर उहाँले तिनीहरूलाई आफ्ना **हात** र **कोखा** पनि **देखाउनुभयो**। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए।(२१) तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।"(२२) अनि यति भनेर**उहाँले तिनीहरूमाथि श्वास फुकेर** भन्नुभयो, "**पवित्र आत्मा लेओ**। (२३) जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।

पापको **माफि गरियो** र **हटाइयो** ।

त्यसकारण अब पवित्र आत्मा यी चेलाहरु "**भित्र**" वास गर्नु हुनेछ।

तिनीहरु पुनरुत्थानको दिनमा " **फेरी जन्मीए**" !

(२४) येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने **थोमा**चाहिँ, तिनीहरूसँग थिएनन्।(२५) यसकारण अरू चेलाहरूले तिनलाई भने, "**हामीले प्रभुलाई देख्यौं।**" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका

डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।"

(२६) **आठ दिनपछि** उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति!" (२७) तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।" (२८) थोमाले उहाँलाई भने, "**मेरा प्रभु, र मेरा परमेश्वर**!" (२९) येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।"

**महान आज्ञा**

मत्ती २८:१६ ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। (१७) **तिनीहरूले उहाँलाई देखेर** दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे। (१८) तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। (१९) यसकारण **जाओ**, र सबै देशका जातिहरूलाई **चेला बनाओ**, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई **बप्तिस्मा देओ**, (२०) मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई **सिकाओ**। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"

**येशू ख्रीष्टको अद्वतिय पुनरुत्थान**

धेरैजसो विश्वको धर्महरु दार्शनिक प्रस्तावमा आधारित छन्। ती मध्ये चार व्यक्तितत्वहरुमा आधारित छन् **सस्थापकको लागि ईसाइहरुले मात्र रित्तो चिहान दावी गर्छन् ।**

वास्तविक हिसाबमा त्यहा कुनै प्रकारले बुद्धको पुनरुत्थानको दावा गरिएको छैन । महोम्मदको मृत्यु  जुन ८, ६३२ ए.डी मा, ६१ वर्षको उमेरमा, मदिनामा भएको थियो, जहाँ उसको हजारौ भक्तजनहरुले महोम्मदको चिहानलाई बार्षिक रुपमा भ्रमण गर्छन।

अब्राहम, यहूदी धर्मका पिता, लगभग १९०० बि.सी मा मृत्यु भयो, तर उनको पुनरुत्थानको अहिलेसम्म कसैले दावा गर्दैन।

**येशूले उहाँको पुनरुत्थानको बारेमा** धेरै पटक **भविष्यवाणी गर्नुभएको थियो** र उहाँको मृत्युबाटको बौरीउठाईलाई पनि जोड दिदै यो “चिन्हले” उहाँ मसिह हुनुहुन्छ भन्ने देखाउँछ ।

मत्ती १२:३८-४०तब शास्त्रीहरू र फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, “गुरुज्यू, हामी तपाईंबाट एउटा चिन्ह हेर्न चाहन्छौं।”. . . किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि **पृथ्वीको गर्भमा तीन दिन** र तीन रात रहनेछ।

मत्ती १६:२१ उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ,**मारिनुपर्छ** र तेस्रो दिनमा **जीवित भइउठ्नुपर्छ** भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो।

मत्ती १७:९जब उहाँहरू पहाड़बाट ओर्लंदैहुनुहुन्थ्यो, येशूले तिनीहरूलाई आज्ञा गर्नुभयो, "जबसम्म मानिसको पुत्र **मृतकबाट जीवित भई उठ्दैन**, तबसम्म तिमीहरूले यो दर्शनको कुरा कसैलाई नभन्नू।"

मत्ती १७:२२-२३ उहाँहरू गालीलमा भेला हुँदा येशूले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरूका हातमा सुम्पिइनेछ। (२३) अनि तिनीहरूले उसलाई मार्नेछन्, तर तेस्रो दिनमा **ऊ जीवित भई उठ्नेछ**।"अनि तिनीहरू अत्यन्त दु:खित भए।

मत्ती २०:१८-१९"हामी यरूशले**मत्ती** र जाँदैछौं। अब मानिसको पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूका हातमा सुम्पिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्डको दोषी ठहराउनेछन्। (१९) उसलाई गिल्ला गर्न, कोर्रा लाउन, र क्रूसमा टाँग्न भनी तिनीहरूले उसलाई अन्यजातिहरूका हातमा सुम्पनेछन्, र तेस्रो दिनमा ऊ जीवित भई उठ्नेछ।"

मत्ती २६:३२ तर **म मृत्युबाट जीवित भएपछि** तिमीहरूभन्दा अगि गालीलमा जानेछु।"

मत्ती २७:६३ र भने, "हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, '**तीनदिनपछि म फेरि उठ्नेछु'** भनेको थियो।

कुनै धर्मको कोही सस्थापकले अथवा मानिसहरुको अगुवा, येशू ख्रीष्ट बाहेक अरु कसैले अहिलेसम्म साहससाथ आफ्नो मृत्यु पछि आफू जीवित भइ उठ्नेछु भन्न सकेको छैन। किनभने यदि ऊ बौरी उठेनभने, उसको गतिविधिको अन्त हुन्छ ।

## येशू ख्रीष्टले साहसपूर्ण साथ भविष्यवाणी गर्नुभयो र तेस्रो दिनमा यो भयो अनि इसाईत्वको जन्म कहिलेपनि रोकिएन किनभने हामी **पुनर्जीवित मुक्तिदाता**लाई सेवा गर्छौं ।

धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। प्रेरीत १:३

**साक्षीहरु:**

| | |
|---|---|
| १. उहाँ पहिलोपटक मरियम मग्दलिनी कहाँ देखा पर्नुभयो । | यूहन्ना २०: ११-१८ |
| २. चिहानबाट फर्किदै गरिकी स्त्रीकहाँ । | मत्ती २८:५-१० |
| ३. पत्रुषकहाँ | लूका २४:३४ |
| ४. इम्माउसमा चेलाहरुसंग | लूका २४:१३-३१ |
| ५. प्रेरितहरू | लूका २४:३६-४३ |
| ६. प्रेरितहरू र थोमा | यूहन्ना २०:२४-२९ |
| ७. तिबेरियासको समुद्रको छेउमा सातहरु कहाँ | यूहन्ना २१:१-२३ |
| ८. पाँचसय भन्दा बढी कहाँ | १ कोरन्थी १५:६ |
| ९. याकुबकहाँ | १ कोरन्थी १५:७ |
| १०. फेरी ११ कहाँ | मत्ती २८:१६-२० |
| ११. स्तिफनस, पहिलो शहीद कहाँ | प्रेरित ७:५५ |
| १२. पावल, दमास्कस जादै गर्दा बाटोमा | प्रेरित ९: ३-६; १ कोरन्थी १५:८ |

यिनीहरु मध्ये **धेरै साक्षीहरु सहिदको मृत्यु मरे** किनभने तिनीहरुले येशू ख्रीष्टको पुनरुत्थानको बारेमा प्रचार गरेका थिए। तिनीहरु जीवित येशूको लागि मर्न गर्व गर्थे। तिनीहरुसंग "गल्ती नभएको प्रमाणहरु" थिए।

जब गेतसमेनीको बगैंचामा येशूलाई समातियो, उहाँका सबै चेलाहरुले **"उहाँलाई छोडे र भागे"** ( मत्ती २६:५६)। यो समयदेखि उहाँको पुनरुत्थानसम्म, डरमा उनीहरु जीए । तिनीहरुले उहाँ मृत्युबाट जीवित हुनु हुनेछ भनेर विश्वास गरेनन् ( यूहन्ना २०:९)। यदी येशू मृत्युबाट नआउनु भएको भए, क्रुस नै इसाईत्वको अन्त हुन्थ्यो।

येशूको मृत्यु पछि, हामी उहाँका चेलाहरु उदास, निरुत्साहित अनि पराजीत भएको देख्न सक्छौ । उनिहरुको लागि येशूको मृत्यु  भनेको एउटै कुरा थियो: अन्त्य। **हामी कसरी महान परिवर्तनको लागि लेखा राख्न सक्छौ** जो उनीहरुको जीवनमा त्यो तीन दिन र तीन रात पछि आयो ? तर्कपूर्ण बयानले भन्छ कि तिनिहरुसंग **उहाँ मृत्युबाट बौरी उठ्नुभयो,** अनि सदाको लागि जीवित हुनुभयो भन्ने कुराको **"गल्ती नगर्ने प्रमाणहरु"** थियो । तिनीहरुले उहाँलाई देखे, उहाँसंग कुरा गरे, उहाँलाई छोए अनि उहसंगै खाए ।

डरबाट असिमित साहसमा भएको चेलाहरुको जीवन परिवर्तनले यो पुष्टि गर्छ कि **तिनीहरुलाई उहाँ जीवित हुनुहुन्छ भन्ने थाहा थियो ।** तिनीहरु सातावटमा खुशी थिए (प्रेरित ५:४०-४२)। त्यो विश्वासलाई त्यागेर तिनीहरुको जीवनहरुलाई बचाउनु भन्दा तिनीहरुले मृत्युलाई रोजे, पुनरुत्थान हुनुभएको ख्रीष्टको विश्वासमा (हिब्रु ११:३५) ।

शुरुको मण्डलीले हप्ताको पहिलो दिन पुनरुत्थानको दिनमा, आराधना गर्न शुरुवात गरे । यो कानुन होइन, यो स्वत: भयो (प्रेरित २०:७) । विश्वासीको लागि, हरेक आइतबारले उहाँको पुनरुत्थानको उत्सव मनाउँछ ।

शुरुका विश्वासीहरु जतातातै गएर पुनरुत्थानको घोषणा गरे ( प्रेरित ८) ।

**निर्ष्कस : प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ** लूका २४:३४

येशू ख्रीष्ट **हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुनुभएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।** रोमी १:४

१ कोरन्थी १५:२०-२३ वास्तवमा **ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ।** सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। (२१) किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै **मृतकहरूको पुनरुत्थान** पनि मानिसबाट नै आयो। (२२) किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी **ख्रीष्टमा सबै जीवित पारिनेछन्।**

यूहन्ना १४:१९ **तिमीहरूले मलाई देख्नेछौ। म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ।**

यहाँ रेकर्ड छ :

कनफुसियसको चिहान - ठाउँ ओगटिएको

बुद्धको चिहान - ठाउँ ओगटिएको

मोहम्मदको चिहान - ठाउँ ओगटिएको

**येशू ख्रीष्टको चिहान- रित्तो !**

निर्णय अब तपाइले लिनुहोस् । प्रमाण आफै बोल्छ ।

**यसले एकदम स्पटसंग भन्छ:**

# वास्तवमा नै ख्रीष्ट बौरी उठ्नु भएकोछ !

उहाँ असाधारण हुनुहुन्छ ! एउटा अनि एक मात्र । अरुसबैहरु भन्दा भिन्न । बराबर कोहि छैन।

हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने **येशू**लाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका **आनन्द**को निम्ति **अपमानलाई केहीजस्तो नठानी** क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। (हिब्रु १२:२) तर ख्रीष्टले त **पापहरूका निम्ति सदाको लागि एउटै बलिदान** चढ़ाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। (१३) र उहाँका शत्रुहरू उहाँको पाउदान नहोउञ्जेल उहाँ **पर्खिरहनुहुन्छ**। (हिब्रु १०:१२-१३)

उहाँले आफ्नो काम सकाउनु भयो । अब उहाँ हामीले हाम्रो काम सिध्याउन **पर्खदै** हुनुहुन्छ । अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। मत्ती २४:१४